एम्नेस्टी इन्टरनेसनल

**राष्ट्रिय कार्यकारी समिति सदस्यहरूको लागि आचारसंहिता**
**अगष्ट २००९**

## १) परिचय

यस नीतिको उद्देश्य एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा (एम्नेस्टी नेपाल)लाई प्रभावकारी रूपमा सुसञ्चालन गर्न राष्ट्रिय कार्यकारी समिति सदस्यहरू (बोर्ड सदस्यहरू) लाई एम्नेस्टी नेपालमा उनीहरूले आफ्नो भूमिका निर्वाह गर्दा उनीहरूबाट अपेक्षित आचरण र व्यवहारबारे स्पष्ट पार्नु हो।

यस दस्तावेजलाई बोर्डको भूमिका र अधिकार प्रष्ट पार्ने अन्य दस्तावेज तथा सान्दर्भिक नीतिहरू विशेषगरी एम्नेस्टी नेपालको विधान र राष्ट्रिय कार्य समितिको नियमावलीको सन्दर्भमा हेर्नु पर्दछ।

## २) सिद्धान्तहरू

एम्नेस्टी नेपालको राष्ट्रिय कार्यसमितिको आचारसंहिताको आधारस्तम्भका रूपमा निम्न लिखित सिद्धान्तहरू रहेका छन्।

***निस्वार्थता***

एम्नेस्टी नेपालको सर्वोत्तम हितमा काम गर्नु एम्नेस्टी नेपालका बोर्ड सदस्यहरूको सामान्य कर्तव्य हो। बोर्ड सदस्यहरूले आफ्नै लागि, आफ्नो परिवार, साथीभाइ वा आफूले काम गर्ने वा प्रतिनिधित्व गर्ने अन्य कुनै संस्थाको लागि आर्थिक वा अन्य भौतिक लाभहरू प्राप्त गर्ने गरी कुनै पनि काम गर्नु हुँदैन।

***अखण्डता***

बोर्ड सदस्यहरूले:

- आफ्नो भूमिकाको कार्यसम्पादनमा आफूलाई प्रभाव पार्न सक्ने बाह्य व्यक्ति वा संस्थाहरूप्रति आफूलाई कुनै पनि वित्तीय वा अन्य दायित्वको अधिनमा राख्नु हुँदैन;
- कुनै पनि खालको अनुचित व्यवहार देखाउनु हुँदैन;
- आफ्नो निर्णयलाई प्रभाव पार्न सक्ने आभास हुनेगरी उपहार र आतिथ्य स्वीकार गर्नु हुँदैन।

***वस्तुनिष्ठता***

कुनै पदको लागि नियुक्ति गर्ने, करारनामा गर्ने, कुनै पुरस्कार र लाभका लागि कोही व्यक्तिहरूलाई सिफारिस गर्ने वा अन्य व्यवसायहरूमा लेनदेन गर्ने लगायत आफ्नो भूमिकाहरू निर्वाह गर्दा बोर्ड सदस्यहरूले त्यस्ता निर्णयहरू केवल योग्यताको आधारमा लिने कुराको सुनिश्चित गर्नु पर्दछ।

***जवाफदेहिता***

बोर्ड सदस्यहरूमा:

- सदैव उनीहरूमा राखिएको विश्वासअनुसार कानूनको पालना गर्ने र एम्नेस्टी नेपालप्रति जनताको विश्वासलाई सुरक्षित राख्नुपर्ने कर्तव्य रहन्छ।
- बोर्ड सदस्यहरू राष्ट्रिय कार्य समिति र अधिकार वाहकप्रति उत्तरदायी रहनुपर्नेछ। उनीहरूले आफ्नो भूमिकाको लागि उपयुक्त छानबिन गर्न आफैंलाई पेश गर्नुपर्नेछ।

**खुलापन**

बोर्ड सदस्यहरूलेः

- व्यक्तिगत जानकारी रहेको सामग्री लगायत अन्य गोप्य सामग्रीहरूको गोपनीयता कायम गर्न विशेष ध्यान दिनुपर्नेछ।
- लिने निर्णय र कार्यका बारेमा सकेसम्म खुला हुनुपर्छ। उनीहरूले आफ्ना निर्णयहरूको कारण खुलाउनु पर्नेछ र एम्नेस्टी नेपालको व्यापक हितको लागि नितान्त आवश्यक हुँदा मात्रै जानकारीलाई सीमित गर्नुपर्दछ।

***इमानदारीता***

बोर्ड सदस्यहरूलेः

- आफ्नो भूमिकासँग सम्बन्धित कुनै पनि स्वार्थ रहेमा त्यसका बारे जानकारी गराउनु पर्दछ र उत्पन्न हुन सक्ने कुनै पनि स्वार्थको द्वन्द्वलाई समाधान गर्न उपयुक्त कदमहरू चाल्नु पर्नेछ। जब व्यक्तिगत स्वार्थ बोर्ड सदस्यको कर्तव्यसँग बाझिन्छ त्यस्तो अवस्थामा उनीहरूले बोर्ड सदस्य भूमिकाको पक्षमा हुनेगरी त्यो विवाद समाधान गर्नुपर्नेछ;
- विभिन्न परिस्थिति र एम्नेस्टी नेपाल भित्र र बाहिर आफ्नो भूमिका निर्वाह गर्ने क्रममा स्वार्थको सान्दर्भिक घोषणाहरू गर्नुपर्नेछ।

***नेतृत्व***

बोर्ड सदस्यहरूलेः

- नेतृत्वसम्बन्धी सिद्धान्तहरूलाई आफू उदाहरण बनेर प्रवर्धन र समर्थन गर्नुपर्छ;
- निर्देशकको भूमिकालाई सम्मान गर्नुपर्छ। बोर्ड सदस्यहरूले कर्मचारीहरूसँग प्रत्यक्ष रूपमा काम गर्ने अवस्थाहरू हुनेछन्। त्यस्ता कार्य सम्बन्धहरूसम्बन्धी निर्देशिका कर्मचारी र बोर्ड सदस्यहरू दुवैले स्पष्ट बुझ्ने हुनुपर्छ र यस्तो अवस्थाहरूका बारेमा निर्देशक/अध्यक्षलाई अग्रिम जानकारी गराउनुपर्दछ।

***भेदभाव रहित व्यवहार***

- बोर्ड सदस्यहरूले सधैं एक अर्का प्रति सम्मानजनक व्यवहार गर्नुपर्दछ।
- अन्य व्यक्तिलाई अप्रिय वा आपत्तिजनक लाग्ने तरिकाले व्यवहार वा भाषा प्रयोग गर्नु हुँदैन। उदाहरणका लागि जातिवादी, लिंगवादी वा समलिंगी प्रति विभेदकारी व्यवहार वा भाषा अस्वीकार्य छ।

## ३) आचारसंहिता

### *३.१ सहभागिता र तयारी*

- बोर्ड सदस्यहरू संस्थाको नियम र संरचनाका साथै संस्था संचालन हुने कानूनी ढाँचा बारे जानकार रहेका हुन्छन् भन्ने अपेक्षा राखिन्छ।
- कुनै विशेष कारणबाहेक बोर्ड सदस्यहरूले सम्पूर्ण बोर्ड बैठकमा पुरै अवधिको लागि सहभागी हुने अपेक्षा राखिन्छ। विशेष कारण बोर्ड सदस्य बैठकमा सहभागी हुन नसकेमा बोर्ड सदस्यले अध्यक्षलाई यथोचित समयमा पूर्व जानकारी गराउनुपर्नेछ।

- बोर्ड सदस्यहरूले बैठकमा आउनु पूर्व पठाइएको दस्तावेजहरू पढ्नुका साथै अन्य तयारी गर्ने अपेक्षा राखिन्छ।
- बोर्ड सदस्यहरू सदस्यताप्रतिको जवाफदेहिताको माध्यमको रूपमा वार्षिक साधारण सभामा सहभागिता जनाउछन् भन्ने अपेक्षा राखिन्छ।

## ३.२ बोर्ड बैठक सञ्चालन र सामूहिक उत्तरदायित्व

बोर्ड बैठकलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै मिलेसम्म अनौपचारिक रूपमा सञ्चालन गरिनेछ। यस उद्देश्यका लागि बोर्ड सदस्यहरूबाट निम्न लिखित अपेक्षा राखिन्छः

- बोर्ड सदस्यहरू र बोर्ड बैठकमा उपस्थित अन्य व्यक्तिलाई आदरपूर्वक व्यवहार गर्ने
- बहसमा स्वतन्त्र र खुला रूपमा आफ्नो विचार व्यक्त गर्ने
- आफ्नो टिप्पणी कुनै उपसमूहलाई नभई पुरै बोर्डलाई नै सम्बोधन गर्ने
- आफूले बोल्दा छलफलको लागि छुट्याइएको समग्र समय र छलफललाई योगदान गर्न चाहने अरू व्यक्तिहरूको संख्यालाई पनि ध्यान दिने
- बोर्डका अन्य सदस्यहरू वा कर्मचारीहरूले अभद्र, आक्रामक, आलोचनात्मक *(जजमेन्टल)* वा शत्रुतापूर्ण रूपमा लिने गरी कुनै पनि टिप्पणीहरू नगर्ने
- भेदभावको रूपमा व्याख्या हुन सक्ने खालका कुनै पनि टिप्पणीहरू नगर्ने
- बोर्डको निर्णय साधारण बहुमतबाट हुनेछ। बोर्डले गरेको निर्णयसँग असहमत हुने बोर्ड सदस्यहरूले बैठकको माइन्युटमा आफ्नो विचारहरू रेकर्ड गर्न अनुरोध गर्न सक्नेछन्। **तर एक पटक निर्णय भएपछि बोर्डले एक स्वरमा बोल्छ र बोर्ड बैठक बाहिर सोही धारणा राख्नुपर्छ।** जब आस्थाको कुराहरू सम्बन्धित हुन्छन् आन्तरिक श्रोताहरू भएको ठाउँमा अल्पसंख्यक विचारहरूलाई व्याख्या गर्न सकिनेछ, तर वकालत भने गर्न पाइनेछैन। प्रशासन र व्यवस्थापनसम्बन्धी विषयमा र बाह्य श्रोताहरू रहेको बैठकमा बोर्ड सदस्यहरूले बोर्डले गरेको निर्णयकै आधारमा आफ्नो विचार व्यक्त गर्नु पर्दछ।
- **बोर्ड सदस्यहरूको अधिकार बोर्डको रूपमा बस्दा मात्र हुनेछ। बोर्ड सदस्यहरूसँग व्यक्तिगत रूपमा बोर्डको निर्णयद्वारा विशेष रूपमा प्रत्यायोजित बाहेक अरू कुनै अधिकार हुँदैन। अध्यक्ष (वा कार्यवाहक अध्यक्ष) भने यसको अपवादको रूपमा रहेका हुन्छन् जसले बैठकसम्म पर्खन नसक्ने अवस्थामा बोर्डको तर्फबाट निर्णयहरू लिन सक्छन्।**

## ३.३ बोर्ड कर्मचारी सम्बन्ध

- बोर्ड सदस्यहरूले निर्देशक, कर्मचारी र आफूले काम गर्ने संस्थागत संरचनाप्रति सम्मान देखाउनुपर्ने हुन्छ
- बोर्ड सदस्यहरूले बोर्डको भूमिका बाहिर रहेर काम गर्दा निर्देशक र अन्य कर्मचारीमाथि कुनै अधिकार रहँदैन
- यदि बोर्ड सदस्यहरूलाई निर्देशक र/वा अन्य कर्मचारीको कार्यसम्पादनसम्बन्धी केही असन्तुष्टि रहेमा सुरूमा बोर्ड बैठक भन्दा बाहिर अध्यक्षलाई जानकारी गराउनु पर्दछ
- बोर्डद्वारा निर्देशकको कार्यसम्पादनसम्बन्धी छलफल यही कार्यको लागि तोकिएको एजेण्डामा रहेर मात्र हुनेछ
- बोर्ड सदस्यहरू संस्था भित्रको अन्य कुनै क्षमतामा रहेर काम गर्दा;

- सोही क्षमतामा रहेर काम गर्ने अन्य सदस्यहरूको पनि समान अधिकार र अपेक्षा रहनेछ
- कर्मचारीबाट विशेष व्यवहारको अपेक्षा वा कर्मचारीको समय वा विशेषज्ञतामा पहुँचको खोजी गर्नु हुँदैन।

## ३.४ एम्नेस्टी नेपालको प्रतिनिधित्व गरेर कार्यक्रमहरूमा उपस्थिति

बोर्ड सदस्यहरूलाई प्रायः एम्नेस्टी नेपालको बोर्डको प्रतिनिधित्व गरी आन्तरिक वा बाह्य कार्यक्रमहरूमा उपस्थित हुन आमन्त्रित गरिन्छ। बोर्ड सदस्यको रूपमा आधिकारिक हैसियतमा कार्यक्रमहरूमा उपस्थित हुँदा, उनीहरूले कुनै पनि मुद्दामा एम्नेस्टी नेपालले अडान लिएको नीतिसँग नमिल्ने वा एम्नेस्टी इन्टरनेसनलको परिदृश्य र लक्ष्य कमजोर पार्ने विचारहरू व्यक्त गर्न नहुने कुराको ख्याल गर्नुपर्छ। बोर्ड सदस्यहरूले आफ्नो भूमिकाको संवेदनशीलता र उनीहरूले व्यक्त गरेका कुनै पनि विचारलाई एम्नेस्टी नेपालको आधिकारिक दृष्टिकोणको रूपमा लिइने सम्भावनालाई ध्यानमा राख्नुपर्छ।

बोर्ड सदस्यले आफ्नो आस्थाको कारणले कुनै मुद्दामा एम्नेस्टी नेपालको धारणा वा अडानसँग असहमत हुन सक्ने कुरालाई स्वीकार गरिएको छ। यस अवस्थामा बोर्ड सदस्यको रूपमा आफ्नो भूमिका निर्वाह गर्दा यस मुद्दामा टिप्पणी गर्नबाट टाढा रहनु र/वा यस्तो आस्था वा विचारको द्वन्द्व उत्पन्न हुन सक्ने अवस्थाबाट टाढा बस्नु पर्ने हुन्छ।

बोर्ड सदस्यहरूलाई कार्यक्रमहरूमा विशेष अतिथिहरूसँग संवाद गर्ने जस्ता विशेष भूमिका लिन आग्रह गरिएको अवस्थामा उनीहरूलाई कर्मचारीहरूद्वारा विस्तृत रूपमा अग्रिम जानकारी उपलब्ध गराइएको हुनेछ।

## ३.५ अन्य सार्वजनिक गतिविधिमा सहभागिता

यदि बोर्डको कुनै सदस्यलाई एम्नेस्टी नेपालको कार्य क्षेत्रसँग सम्बन्धित गतिविधिमा आमन्त्रित गरिएको छ भने वा उनले सम्भावित रूपमा एम्नेस्टी नेपालको कार्यक्षेत्रसँग सम्बन्धित कुनै गतिविधि गर्न चाहेमा वा उनले त्यस्तो कार्य अरू कसैसँग मिलेर गर्दा पनि सो गतिविधिका सवालमा एम्नेस्टीको धारणा बन्न जाने अवस्थामा निजले एम्नेस्टी नेपालको बोर्ड सदस्यको हैसियतमा आफूले काम नगरेको कुराको बारेमा उचित खण्डन (अस्वीकरण) गरिएको सुनिश्चित गर्नुपर्छ।

भूतपूर्व बोर्ड सदस्यहरू सचेत हुनुपर्छ कि उनीहरूको सार्वजनिक गतिविधिहरूले यस्ता गतिविधिहरू एम्नेस्टी नेपालसँग सम्बन्धित छन् कि छैनन् भन्ने भ्रम पैदा गर्न सक्छ। जब कुनै भ्रम सम्भव देखिन्छ भने उनीहरूले उपयुक्त अस्वीकरण गर्न र/वा प्रकाशित गर्न हर प्रयास गर्नुपर्छ।

## ३.६ मिडिया टिप्पणी

यदि कुनै बोर्ड सदस्यलाई मिडियासँग बोल्न आमन्त्रित गरिएको छ वा उनी त्यसो गेन इच्छुक छन् वा एम्नेस्टी नेपालको नाममा सार्वजनिक कार्यक्रममा भाग लिन चाहन्छन् भने यस विषयमा उनले पहिले अध्यक्ष र/वा निर्देशकसँग छलफल गर्नुपर्छ। यदि कुनै बोर्ड सदस्यले एम्नेस्टी नेपालको कार्यक्षेत्रसँग पूर्णतया असम्बन्धित र उनको गैर-एम्नेस्टी नेपालको क्षमतामा मिडियासँग कुरा गरिरहेको छन् भने उनले आफ्नो पहिचान एम्नेस्टी नेपालसँग नजोडिएको कुरा सुनिश्चित गर्न हरसम्भव प्रयास गर्नुपर्छ।

बोर्ड सदस्यहरूलाई बोर्ड सदस्यको भूमिका बाहेक एम्नेस्टी इन्टरनेसनलको भूमिकामा मिडियासँग बोल्न अनुरोध गर्न सकिन्छ र यस अवस्थामा अध्यक्ष र/वा निर्देशकसँग सल्लाह लिनुपर्छ।

### ३.७ पुरस्कारहरूको स्वीकृति

यदि कुनै बोर्ड सदस्यलाई उनीहरूले एम्नेस्टी नेपालका लागि गरेको कामकफ विशेष रूपमा उद्धृत गर्दै कुनै पुरस्कार वा सम्मान (पैसा सहित वा बिना) प्रस्ताव गरिएको छ भने उक्त पुरस्कार स्वीकार गर्ने वा नगर्ने निर्णय लिनु अघि अध्यक्ष र निर्देशकसँग परामर्श गर्नुपर्छ।

### ३.८ शोधभर्ना

यात्रा व्यवस्था र खर्चहरू नियमन गर्न भएका सबै प्रक्रियाहरूको बोर्ड सदस्यहरूबाट पूर्ण सम्मान गरिने कुरा अपेक्षा गरिन्छ। नेतृत्वको कर्तव्यको हिस्साको रूपमा बोर्ड सदस्यले उदाहरणीय भूमिका प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

### ३.९ गोपनीयता

एम्नेस्टी नेपालको प्रभावकरी सञ्चालनका लागि उपयुक्त गोपनीयता कायम राख्नु आवश्यक छ। अध्यक्षले आवश्यक पर्ने गोपनीयताको स्तरको निर्णय गर्न सक्नेछन्।

बोर्डको कार्यकालका क्रममा प्राप्त गरेका र प्रकाशित नगरिएका सबै जानकारीको सम्बन्धमा बोर्ड सदस्यहरूले आफ्नो कार्यकालको अवधिमा र पछि पनि उपयुक्त गोपनीयता कायम राख्नुपर्छ।

यस्ता अप्रकाशित जानकारीहरूलाई आफ्नो बोर्ड सदस्यको जिम्मेवारीदेखि बाहेक अन्य कुनै पनि तवरबाट प्रयोग गर्न पाइने छैन। यो विद्युतीय संचारमा पनि लागू हुन्छ।

### ३.१० प्रतिलिपि अधिकार

एम्नेस्टी नेपालको तर्फबाट बोर्ड सदस्यद्वारा निहित सेवाको सम्बन्धमा लिखित, संकलित, संयोजन वा उत्पादन गरिएको सम्पूर्ण सामग्रीको विश्वभरको सम्पत्ति र प्रतिलिपि अधिकार एम्नेस्टी नेपालसँग हुन्छ।

### ३.११ उपहार र आतिथ्यता स्वीकार

बोर्ड सदस्यहरूले एम्नेस्टी नेपालको निर्णयहरूमा प्रभाव पार्ने तरिकाको रूपमा देखिने कुनै पनि उपहार वा आतिथ्यता स्वीकार गर्नु हुँदैन।

### ३.१२ स्वार्थको द्वन्द्व

देहायको अवस्थामा बोर्ड सदस्य स्वार्थको द्वन्द्वमा रहने अवस्था सिर्जना हुन्छ :

- यदि उसको व्यक्तिगत, पेशागत वा अन्य स्वार्थ वास्तवमै वा सम्भावित रूपमा एम्नेस्टी नेपालको सर्वोत्कृष्ट हितसँग नमिल्ने खालको छ भने; वा
- उसको व्यक्तिगत, पेशागत वा अन्य स्वार्थ एम्नेस्टी नेपालको सर्वोत्कृष्ट हितसँग बाझिएको जस्तो देखिएमा
- यस्तो स्वार्थको द्वन्द्वले एम्नेस्टी नेपाललाई सम्भावित र/वा वास्तविक जोखिम र/वा हानि पुर्याउन सक्छ। यस्तो जोखिम र/वा हानिबाट बच्न निम्न प्रस्ताव गरिएको छ।
- सबै बोर्ड सदस्यहरूले आफ्नो सान्दर्भिक चाहनाहरू/स्वार्थहरू वार्षिक रूपमा एम्नेस्टी नेपालमा दर्ता गर्नुपर्छ। यसमा कार्यकारी र गैर-कार्यकारी पदहरूको विवरण समावेश हुनुपर्छ।
- यदि कुनै बोर्ड सदस्यले छलफल अन्तर्गत कुनै खास विषयको सम्बन्धमा आफ्नो स्वार्थको द्वन्द्व हुनसक्छ भन्ने निर्णय गरेमा, बोर्ड सदस्यले सोको बारेमा अध्यक्षलाई जानकारी गराउनुपर्छ र द्वन्द्व

सिर्जना गर्ने विषयमा छलफलको लागि कक्षबाट निस्कनु पर्छ। द्वन्द्वको प्रकृति माइनुटमा राख्न ध्यान दिनुपर्छ।

- यदि बोर्ड सदस्यलाई द्वन्द्व छ वा छैन भन्ने निश्चित छैन भने यस विषयमा निर्णय गर्न उनले अध्यक्षलाई सूचित गर्नुपर्नेछ।
- यदि कुनै बोर्ड सदस्यलाई अर्को बोर्ड सदस्य स्वार्थको द्वन्द्वमा रहेको विषयमा असन्तुष्टी र चासो लागेमा सोको पहल गर्ने बोर्ड सदस्यले पहिले बाँकीबोर्ड सदस्यसँग छलफल गर्नुपर्छ। यदि त्यसरी छलफल गर्दा कुनै निर्णय नभएमा त्यसपछि अध्यक्षसँग छलफल गर्नुपर्छ जसको निर्णय अन्तिम हुनेछ।

### ३.१३ आचरणका साधारण मापदण्डहरू

बोर्ड सदस्यको भूमिका बाहिर रहेर कार्य गर्दा पनि बोर्ड सदस्यहरूले एम्नेस्टी नेपाललाई बदनाम गराउन सक्ने कुनै पनि कार्य गर्न वा त्यस्तो कुनै पनि गतिविधिमा संलग्न हुन मिल्ने छैन।